**संघीय संसद**

**प्रतिनिधि सभा**

# सार्वजनिक लेखा समिति

## बैठक संख्या-२८

मितिः-२०८१/०४/०१

**छलफल तथा निर्णयहरु**

समितिको आजको बैठकको कार्यसूची "**समितिमा परेका उजुरीका विषयमा समितिका सदस्यहरुवीच आन्तरिक छलफल र विविध**" रहेको थियो । ती विषयहरुमा समितिमा छलफल भई देहायबमोजिम गर्ने निर्णय भयो:-

१. देशका विभिन्न स्थानमा हालैको लगातारको वर्षासँगै आएको बाढी, पहिरो, चट्याङ्ग जस्ता विपत्तिमा परी ज्यान गुमाएकाहरुप्रति समिति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछ ।घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछ । विपत्तीमा परेकाहरुलाई यथाशीघ्र राहत तथा उद्धार सामाग्री उपलब्ध गराउनका साथै मधेश प्रदेशको सप्तरी, सर्लाही, महोत्तरी लगायतका जिल्लाका विभिन्न बस्तीहरुमा आगलागीबाट धनमालको क्षति व्यहोर्नु परेका परिवारजनलाई समेत राहत उपलब्ध गराउन तथा आवश्यक व्यवस्थापन गर्न गराउन समितिको यो बैठक नेपाल सरकारको गम्भीरतापूर्वक ध्यानाकर्षण गराउँछ।

२. समितिको यो कार्यकाल शुरु भएदेखि समितिमा हालसम्म जम्मा ६५ वटा विभिन्न विषयहरुमा उजुरीहरु दर्ता भएका छन् । ती उजुरीहरु मध्ये कतिपय उजुरीहरु जस्तै टेरामक्स प्रविधि, लुम्बिनी विकास कोषसँग सम्बन्धित विषय, एनसेलको शेयर खरिद बिक्री, वीमा कम्पनीहरुले प्रिमियममा शेयर जारी गर्न अनुमति दिएको लगायतका केही विषयहरुमा समितिमा छलफल भइसकेको र अन्य उजुरीहरुको सम्बन्धमा सम्बन्धित मन्त्रालय तथा निकायमा जवाफ माग गरिएकोमा कुनै विषयमा जवाफ प्राप्त भएको अवस्था छ भने कतिपय बिषयमा जवाफ प्राप्त भएको छैन । तसर्थ, समितिको आजको बैठकमा उजुरीसम्बन्धी बिषयमा सम्बन्धित मन्त्रालय तथा निकायसँग समितिबाट माग भएका जवाफ प्राप्त नभएको सम्बन्धमा ती मन्त्रालय तथा निकायको गम्भीर ध्यानाकर्षण गर्ने र सबै उजुरी र समितिमा अव प्राप्त हुने नयाँ उजुरीहरुलाई अध्ययन तथा छानवीन गरी निर्णयसहितको प्रस्ताव समितिको मूल बैठकमा पेश गर्न उजुरी अध्ययन तथा प्रस्ताव गर्न समितिका सभापतिको संयोजकत्वमा देहायबमोजिमको पाँच सदस्यीय एक उपसमिति गठन गर्ने ।

**अध्ययन तथा प्रस्ताव उपसमिति**

| | | |
|---|---|---|
| १. | माननीय ऋषिकेश पोखरेल | संयोजक/सभापति |
| २. | माननीय राजेन्द्र कुमार के.सी. | सदस्य |
| ३. | माननीय योगेश कुमार भट्टराई | सदस्य |
| ४. | माननीय अमनलाल मोदी | सदस्य |
| ५. | माननीय मनीष झा | सदस्य |

३. बेरुजु सम्बन्धी धारणामा एकरुपता कायम गर्न तथा अनुभव आदान प्रदान गर्न सार्वजनिक लेखा समिति र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको संयुक्त आयोजनामा सार्वजनिक लेखा समितिका सदस्यहरु, सातवटै प्रदेश लेखा समितिका सभापति, महालेखा परीक्षकको कार्यालय, अर्थ मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रतिनिधि, महानगरपालिकाका प्रतिनिधि, नेपाल नगरपालिका र गाउँपालिका राष्ट्रिय महासंघका अध्यक्ष र उपाध्यक्ष सहभागी हुनेगरी एक अन्तरक्रियात्मक कार्यक्रम शीघ्र आयोजना गर्ने ।

४. समितिको बैठक अर्को सूचना भएपछि बस्नेगरी आजको बैठक स्थगित हुन्छ ।